# सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धमा सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको सूचना ।

आर्थिक अपराधको स्वरुप र मात्रामा देखिएको विश्वव्यापी प्रवृत्ति चुनौतीपुर्ण वन्दै गएको सन्दर्भमा नेपाल आर्थिक अपराध नियन्त्रणमा सधै सक्रिय रहदै आएको छ । FATF र APG को पछिल्लो समीक्षात्मक मूल्यांकनवाट कानून कार्यान्वयनमा आधारभूत रुपमा १६ वटा रणनीतिक क्षेत्रमा सुधार गर्न पर्ने आधारमा नेपाल Jurisdiction Under Increased Monitoring (ग्रे लिष्ट) मा परेको छ ।

नेपालको पारस्परिक मूल्यांकन २०२३, नेपाल सरकारवाट स्वीकृत सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्वन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०८१/८२-२०८५/८६ तथा माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यूको संयोजकत्वमा वसेको निर्देशक समितिको वैठकवाट स्वीकृत "ग्रे लिष्टवाट वाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२" को अनुसूची २ मा सहकारी नियमन सुपरिवेक्षणसँग सम्वन्धित निकायले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणका जोखिमका क्षेत्रको नियमन सुपरिवेक्षण सशक्त गर्नुपर्ने व्यवस्था उल्लेख छ। सो व्यवस्था वमोजिम सहकारी विभागले जोखिममा आधारित सहकारी संघ/संस्थाहरुको अनुगमन गर्ने प्रयोजनको लागि सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) वमोजिम सवै सहकारी संघ/संस्थाहरुले Google Forms को link https://forms.gle/f1bSReHwEKTtgnvEA मार्फत श्रावण मसान्तभित्र आ.व. २०८१/८२ को विवरण अनिवार्य रुपमा प्रविष्टि गरी पठाउनु हुन यस विभागको मिति २०८२/३/२६ को निर्णयानुसार सूचित गरिन्छ।

२०८२/३/३२
शशी कुमार लम्साल
उप. रजिष्ट्रार